**Ref No: 100/ CAP /GTK/SK/23** **Dated: 10th July 2023**

## प्रेस विज्ञप्ति

आज तारीख १० जुलाई २०२३को दिन सोरेङ जिल्लाको दरम्दिन पश्चिम सिक्किममा सिटिजन एक्सन पार्टी सिक्किमको निर्वाचन क्षेत्र स्तरको एक सभा सम्पन्न भयो।उक्त सभामा पार्टी अध्यक्ष श्री एल पि काफ्ले,प्रमुख समन्वयक श्री गणेश राई,सांगठनिक अध्यक्ष श्री डि बी चौहान,प्रशासनिक अध्यक्ष श्री लाक्पा शेर्पा,फ्रन्टल काउन्सिलका अध्यक्ष,विभिन्न जिल्लाका कार्यकारी अध्यक्षगण,महिला परिषदका कार्यकारिणी समिति ,जिल्लाका कार्यकारी अध्यक्षगण,केन्द्रिय कार्यकारिणी परिषदका सदस्यगण,उपाध्यक्ष संयोजन,महासचिव,प्रचारप्रसार परिषद,प्रवक्ता,जिल्ला एवं समष्टिका धेरै नेता एवं कार्यकर्ताको सक्रिय उपस्थिति रह्यो।

कार्यक्रमको शुरूवातमा राष्ट्र गान गाउँदै स्वर्गीय पदम गुरुङको निधनमा पार्टीले दुइ मिनेटको मौन धारण गर्यो।कार्यक्रमलाई श्री विशाल चोङ्ले स्वागत मन्तव्य राखेका थिए। श्री पि डि शेर्पाले आफ्नो व्यक्तब्यमा दरमदिनको बिकास कहिल्यै नभएको र यस क्षेत्रको विकास गर्न सुधारको राजनीति आवस्यक रहेको बताउनु भयो।कार्यक्रमलाई पार्टीकी नेता श्रीमती दिलमती लिम्बु,सोरेङ जिल्लाका कार्यकारी परिषदका अध्यक्ष श्री विनोद भारती,श्रीमती साङ्गित लेप्चा,जिल्ला कार्यकारी अध्यक्ष सोरेङ श्रीमती गीता कार्की,अतिथि वक्ता श्री अल्बर्ट गुरुङ,आदिले उपयुक्त सम्बोधन गरे।
पार्टीका प्रमुख संयोजक श्री गणेश राईले सबैलाई सम्बोधन गर्दै प्राचीन दरम्दिन इतिहासमा अजर र अमर रहेको बताउँदै भगवान श्री सत्य साईबाबाको बाटो अनुसरण गर्नुपर्ने बताउनु भयो। पूर्खाको पसिनाले भिजेको धर्ती दरम्दिन हो भन्दै आजको यस कार्यक्रममा बिजुली बत्ती उर्जा विभागले नदिएको विषय उठान गर्नुभयो। सिटिजन एक्सन पार्टीले देशकै अब्बल राज्य सिक्किमलाई बनाउने लक्ष्य राखेको बताउँदै प्रत्येक नागरिकको आर्थिक सुधार गर्न हामीले राजनीति गरेको बताउनु भयो।आफ्नो उद्देश्यबाट भागेको सरकारले आफुलाई बिगार्न लाखौं लाख खर्चेको बताउनु भयो।हाम्रो राजनीति कसैलाई झुक्याउने होइन,सिक्किम केहि नव पूंजीवादहरुको हातमा गएको बताउँदै पूंजीवादको दबाबमा बिनाकाम मान्छेको सम्पत्ति थुप्रेको बताउँनु भयो।भोलि हामी सरकारमा पुग्ने वित्तिक्कै नव पूंजीवादलाई समाप्त गरेर जनताको सरकार बनिने बताउनु भयो।हामीले प्रशस्त रूपमा खेतीपाती गर्नसके सिक्किम आत्मनिर्भर हुने तर जंगली जनावरहरु हामीलाई चुनौती भएको बताउँदै सिटिजन एक्सन पार्टीको अन्य उदेश्य बताउनु भयो।

आजको यस कार्यक्रममा सोरेङ निर्वाचन क्षेत्रबाट धेरै युवाहरुले पार्टीमा सामेल भए।यस्तै पोकलोक कामराङ,दरम्दिन,याङ्थाङ,रिन्चेन्पोङ,मानेबुङ देन्ताम आदि समष्टिबाट धेरै युवाहरूले पार्टीमा सामेल भए। धेरै युवाहरूले आफ्नो पदभार समेत लिए।

अन्त्यमा सिटिजन एक्सन पार्टीका अध्यक्ष श्री एल पि काफ्लेले समेत सबैलाई सम्बोधन गर्दै बिशेष सम्बोधन गर्नुभयो। सुधारको बाटो रोजेर सुधारवादी सोच राख्ने सबै सिक्किमेहरुको यो पार्टीमा अब्बल योगदान रहेको बताउँदै यहाँका देवी देउरालीले यस भेकको कल्याण गरुन् भन्दै सिक्किमको आध्योपान्त इतिहासमा दरम्दिन पवित्र स्थल बताउनु भयो।सिक्किम र प्रजातान्त्रिक सिक्किमको एकमात्र विश्वास र भरोसा बोकेको पार्टी केवल सिटिजन एक्सन पार्टी बताउँदै यस कार्यक्रममा सम्मीलित सबैलाई धन्यवाद व्यक्त गर्नुभयो।सिक्किम वर्तमान अवधिमा चुर्लुम्मै ऋणमा डुबेको बताउँदै व्यापक सुधारको दृस्ठिकोणले खोलिएको पार्टीको धेरै जानकारी गराउनु भयो।

अन्त्यमा श्री के पी तिरुवाले धन्यवाद ज्ञापन गरेका थिएभने श्री दिवस गुरुङले कार्यक्रम संचालन गरेका थिए।

श्री खगेन्द्र दाहाल
अध्यक्ष
प्रचार प्रसार शाखा, गेजिङ जिल्ला
सिटिजन एक्सन पार्टी-सिक्किम।